नेपाल सरकार

गृह मन्त्रालय

नेपाल हज समिति

सिंहदरबार, काठमाडौं

सन् २०२२ को हज यात्राको लागि सूचना

सूचना प्रकाशित मिति २०७९-०१-१८

सन् २०२२ का लागि नेपालबाट ५३७ (हज प्रतिनिधिमण्डल बाहेक) जना इस्लाम धर्मावलम्बीहरूले मात्र हज गर्न सक्ने गरी साउदी अरब सरकारबाट कोटा निर्धारण भई आएको छ । सो सन्दर्भमा सन् २०२० र सो भन्दा अगाडिका वर्षहरूमाहज गर्नका लागि आवेदन दिएका आवेदकहरू मध्ये हजयात्रा गर्न नपाएका एवं हालसम्म रकम फिर्ता नलिएका इच्छुक आवेदकहरूमध्ये साउदी अरब सरकारको नियमानुसार ६५ वर्ष (वि.सं.२०१४ आषाढ १७ तदनुसार सन् १९५७, जुन ३० भन्दा पछाडि जन्म मिति भएका)भन्दा कम उमेर भएकार Covid-19 विरूद्धको Pfizer-BioNTech, Moderna, Oxford-Astrazeneca, Janssen, Covovax, Nuvaxovid, Sinopharm(Verocell), Sinovac, Covaxin, Sputnik-V मध्ये कुनै खोपको पुरा डोज लगाईसकेकाहरूले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा मिति २०७९ साल वैशाख २० गते देखि २०७९ जेष्ठ १० गते भित्र पुन: आवेदन फारम पेश गर्नुहुन अनुरोध छ । आवेदन फारमको नमुना nepalhajj.moha.gov.np मा राखिएको छ ।

साथै यस वर्ष देखि नेपाल हज समितिले Hajj Management Information System-HMIS मार्फत Online प्रणालीबाट समेत आवेदन दिन सकिने व्यवस्था गरेकोलेनयाँ आवेदनकर्ता(*सन् २०२० र सो भन्दा अगाडिका वर्षहरूमा हज गर्नका लागि आवेदन दिई हालसम्म रकम फिर्ता नलिएका बाहेक*) बढीमा थप ५०० जना सम्मले Online प्रणाली मार्फत आवेदन गर्नुपर्नेछ (नयाँ आवेदकको आवेदन फारम अनलाइन प्रणालीबाट मात्र लिईने भएकोले जिल्ला प्रशासन कार्यालयमा फारम पेश गर्नु नपर्ने) तर सन् २०२० र सो भन्दा अगाडिका वर्षहरूमा हज गर्नका लागि आवेदन दिएका आवेदकहरू मध्ये हजयात्रा गर्न नपाएका एवं हालसम्म रकम फिर्ता नलिएका साउदी अरब सरकारको नियमानुसार ६५ वर्ष भन्दा कम उमेर भएकार Covid-19 को पुरा डोज लगाएका ईच्छुक आवेदकहरूबाट उल्लिखित कोटा पूरा नहुने अवस्था भएमा मात्र नयाँ आवेदकहरू मध्येबाट बाँकी कोटामा छनौट गरिनेछ । नयाँ आवेदकहरूले अनलाइन मार्फत आवेदन गर्दा हाललाई शुल्क रकम जम्मा गर्नु पर्ने छैन तर हजयात्राको लागि छनौट भएमा हजयात्राको लागि आवश्यक शुल्क एकमुष्ट जम्मा गर्नुपर्नेछ । Online आवेदन नेपाल हज समितिको वेभसाईट nepalhajj.moha.gov.np मा हज आवेदन प्रणाली मार्फत गर्न सकिनेछ ।

थप जानकारीको लागि नेपाल हज समितिको सचिवालयको सम्पर्क फोन नं ०१-४२१११०४/७२ तथा ९८४९१३५८९५ मा सम्पर्क गर्न सकिनेछ ।

हजयात्राको दरखास्त फारम

(फारममा भएको सम्पूर्ण विवरण नछुट्ने गरी स्पष्टसँग उल्लेख गर्नुहोला)

पासपोर्ट साईजको हालसालै खिचिएको फोटो टाँस्नुहोला

श्रीमान् अध्यक्षज्यू,
नेपाल हज समिति, काठमाण्डौ
मार्फत- जिल्ला प्रशासन कार्यालय,.....

जिल्ला प्रशासन कार्यालयले भर्नेः-		
दर्ता नं.	दर्ता मितिः	राहदानी नं.
निवेदकको नामः		भौचर रकम(रु.)माः

वि.सं. २०७९ साल (सन् २०२२) मा साउदी अरबको मक्का/मदिनामा हज गर्न जान मेरो ईच्छा भएकोले त्यस समितिबाट प्रकाशित सूचना अनुसार यो निवेदन पेश गरेको छु । यस वर्ष साउदी अरब सरकाबाट ६५ वर्ष (वि.सं.२०१४ आषाढ १७ तद् अनुसार जुन ३०, १९५७ भन्दा पछाडि जन्म भएका) भन्दा कम उमेर भएका र Covid-19 विरुद्ध Pfizer-BioNTech, Moderna, Oxford-Astrazeneca(Covishield), Janssen, Covovax, Nuvaxovid, Sinopharm(Verocell), Sinovac, Covaxin, Sputnik-V मध्ये कुनै खोपको पुरा डोज लगाईसकेकाहरू मध्ये नेपालबाट ५३७ इस्लाम धर्मावलम्वीहरूले मात्र हज गर्न पाउने गरी कोटा निर्धारण गरेको जानकारी पाँए । सो अनुसार मैले खोपको पुरा मात्रा लगाईसकेको छु साथै हज गर्नका लागि आवश्यक पहिलो किस्ता बापत बुझाउनुपर्ने रकम रू.१,२५,०००।- (एक लाख पच्चीस हजार मात्र) मैले सन् २०२० वा सो भन्दा अगाडी नै नेपाल हज समितिको खातामा जम्मा गरी हालसम्म फिर्ता लिएको छैन । हजयात्रामा जान छनौटमा परेमा नेपाल हज समितिले थप बुझाउनु पर्ने भनी यकीन गरेको रकम सूचना प्राप्त हुनासाथ जम्मा गर्नेछु । हजयात्रीहरूको छनौट प्रक्रिया र हजयात्रा सम्बन्धमा हज समितिले गर्ने निर्णय र निर्देशनहरू प्रति मेरो मञ्जुरी हुनेछ ।

१.यो भन्दा अगाडि हज गएको भए साल खुलाउनेः साल

२.निवेदकको नाम,थर (देवनागरी र अङ्ग्रेजी ठुलो अक्षरमा)

नाम (नागरिकता अनुसार लेख्नुहोस्)

Name (According to Passport)

३.नागरिकताको विवरण

नागरिकता नं. जारी मितिः जारी जिल्लाः

४.राहदानी विवरण

राहदानी नं. जारी मितिः

५.बैवाहिक स्थितिः(√) लगाउने ( ) विवाहित ( ) अविवाहित

६.लिङ्गः(√) लगाउने ( ) पुरूष ( ) महिला (१५ नं.महलमा मेहरमको विवरण भर्ने) ( ) अन्य

७.जन्म विवरण

विक्रम संवतः- साल महिना गते

८.राष्ट्रिय परिचयपत्र नं.

९.पेशाः

१०.सम्पर्क विवरणः (क) मोवाइल नं. (ख) ई-मेलः

११.हुलियाः

१२.निवेदको स्थायी ठेगानाः प्रदेश जिल्ला न.पा./गा.पा. वडा नं.

अस्थायी ठेगानाः प्रदेश जिल्ला न.पा./गा.पा. वडा नं.

१३.निवेदकको (क) बाबुको नाम, थरः- (ख)आमाको नाम, थरः-

(ग)पति/पत्नीको नाम, थर (घ)अभिभावकको नाम, थरः-

१४.निवेदक विदेशमा रहँदा कुनै जरूरी कुरा पर्न गएमा नेपालमा खबर गर्नु पर्ने व्यक्तिः

नाम,थरः- जिल्ला न.पा./गा.पा. वडा नं.

नाताः सम्पर्क मोवाइल/फोन नं.(अनिवार्य राख्नु होला) इमेलः

१५.निवेदक महिला भए साथमा जाने मेहरमको नाम, थरः-

जिल्लाः न.पा./गा.पा. वडा नं. सम्पर्क नं.

नाताः राहदानी नं.

१६.निवेदकको बैंक खाताको विविरणः

क) खाता रहेको बैंकको नाम र ठेगानाः

ख) खाता नं.

ग) खातामा रहेको निवेदकको नाम अङ्ग्रेजीमाः

१७.आवेदन साथ संलग्न राख्नु पर्ने आवश्यकता कागजातः

क) सन् २०२० वा सो भन्दा अगाडी हज गर्नको लागि यस समितिको खातामा रू.१,२५,०००।- (एक लाख पच्चीस हजार मात्र) दाखिला गरेको बैंक भौचरको प्रतिलिपि

ख) राहदानीको छायाँ प्रति (नेपाल हज समितिमा सक्कल राहदानी भएकाहरूलाई अनिवार्य छैन)

ग) नेपाली नागरिकताको प्रमाण-पत्रको छायाँ प्रति

घ) मेहरमको राहदानीको छायाँप्रति (नेपाल हज समितिमा सक्कल राहदानी भएकाहरूलाई अनिवार्य छैन)

ङ) हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

च) Covie-19 विरूद्ध लगाएको खोप कार्डको प्रतिलिपि

१८. म निम्न बुँदाहरु पालना गर्न प्रतिबद्ध रहनेछु ।

क) इस्लाम धर्म अनुसार हजयात्रा गर्न मञ्जुर गर्दछु । हजको अर्कान (नियम) र व्यवहारिक कुरा बारे सचेतना लिएको छु/लिनेछु

ख) नेपालको कानून बमोजिम फौजदारी अभियोग लागि तोकिएको/जरिवाना भुक्तान गर्न बाँकी छैन ।

ग) म हज यात्राको लागि शारीरिक एवं मानसिक रूपमा स्वस्थ भएको घोषणा गर्दछु ।

घ) म विगत ३(तीन) वर्ष भित्र हज गर्न गएको छैन ।

ङ) यात्रा सन्दर्भमा नेपालमा रहँदा हज समितिको व्यवस्था पालना गर्न तयार छु ।

च) नेपाल सरकार (मा.गृहमन्त्रीस्तर) को मिति २०७८।०५।२२ को निर्णयानुसार स्वीकृत आचार संहिता पूर्ण परिपालना गर्नेछु ।

छ) नेपाल र साउदी अरब सरकारको प्रचलित नियम कानूनको परिपालन गर्नेछु ।

ज) हजयात्रा क्रममा हवाई जहाजमा आउँदा जाँदा एयरलायन्सको नियम मान्नेछु ।

झ) मक्का मदिनामा मलाई कुनै असुविधा आएमा सकेसम्म आफै समाधान गर्ने कोशिस गर्नेछु । यदि नसकेमा हज प्रतिनिधि मण्डललाई पहिले जानकारी गराउनेछु ।

ञ) हजयात्राको क्रममा मिना र अरफातमा रहँदा मोलल्लिमको व्यवस्था अनुसार चल्नेछु ।

ट) हजयात्राको अवधिभर कुनै असामाजिक र अमर्यादित क्रियाकलाप गर्ने छैन यदि गरेमा नेपाल हज समितिले गरेको निर्णय मान्न तयार छु।

१९.माथि लेखिएको विवरण सबै साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनि सहिछाप गर्नेः

औठा छाप	
दायाँ	बाँया

निवेदकको

नाम,थरः

हस्ताक्षरः

ठेगानाः

व्यक्तिको सम्पर्क नं.

परिवारको सम्पर्क नं.

मितिः ....

नोटः

१.हजयात्राको फर्म बुझाउने अन्तिम मिति २०७९ जेष्ठ १० गते सम्म रहेको छ ।

२.सन् २०२० र सो भन्दा अगाडिका वर्षहरूमा हज गर्नका लागि आवेदन दिएका आवेदकहरू मध्ये हजयात्रा गर्न नपाएका एवं हालसम्म रकम फिर्ता नलिएकाहरु मध्ये यस वर्ष वि.सं. २०७९(सन् २०२२) मा हज गर्न जान चाहेमा निजले जिल्ला प्रशासन कार्यालयमा यस आवेदन फारम बुझाउनु पर्नेछ । पुन आवेदन निवेदन नदिएमा हजयात्रामा समावेश गरिने छैन ।